लहान नगरपालिकाको नवौं नगर परिषद् समारोहमा
प्रमुख एवं कार्यकारी अधिकृत महमद शेरे मुस्तफाले प्रस्तुत गर्नु भएको
आ.व. २०७३/०७४ को नीति, कार्यक्रम तथा वजेट वक्तव्य

लहान नगरपालिकाको नवौं नगर परिषद् उद्घाटन समारोहमा पल्नु भएका श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू
स्थनीय विकास अधिकारी ज्यू
पुर्व नगर प्रमुख तथा उप प्रमुख ज्यूहरु
पुर्व सह सचिव श्री रामाधिन यादवज्यू
सिरहा जिल्लास्थीत नगरपालिकाका कार्यकारी अधिकृतज्यूहरु
सुरक्षा निकायका प्रमुखहरु
कार्यक्रममा पाल्नु हुने सम्पुर्ण कार्यालय प्रमुखज्यूहरु
नगरस्तरीय राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु
उद्योग वाणिज्य संघका अध्यक्षज्यू
नगरविकास समितिका अध्यक्ष ज्यू
पदपुर्ति समितिका अध्यक्ष ज्यू
पुर्व वडाध्यक्षज्यूहरु
वित्तिय क्षेत्र तथा गैर सरकारी संस्थाका प्रमूख एवं प्रतिनिधिज्यूहरु,
वडा नागरिक मञ्चका संयोजकज्यूहरु
नगरिक सचेतना केन्द्रका संयोजकज्यूहरु
नगरस्तरिय तथा वडास्तरिय शान्ति समितिका संयोजकज्यूहरु
विभिन्न टोल विकास संस्थाका प्रमुखज्यूहरु
महिला, आदिवासी जनजाती, दलित, फरक क्षमता भएका तथा पिछडिएका बर्ग तथा समुदायका प्रतिनिधिज्यूहरु
विभिन्न पेशागत संघ संस्थाका प्रमूख एवं प्रतिनिधिज्यूहरु,
पत्रकार महासंघका अध्यक्ष तथा सम्पूर्ण संचारकर्मी मित्रहरु,
एवं उपस्थित सम्पुर्ण अतिथि महानुभावहरु

यस लहान नगरपालिकाको नवौं नगरपरिषद तथा नया संविधान लागु भएपछिको पहिलो नगर परिषदको उदघाटन समारोहमा हाम्रो आमन्त्रणलाई सहर्ष स्वीकार गरि पाल्नु भएका मञ्चमा आसिन सम्पूर्ण अतिथिज्यूहरु, विभिन्न कार्यालय तथा संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, पत्रकार मित्रहरु लगायत उपस्थित सम्पुर्ण महानुभावहरुमा लहान नगरपालिका र मेरो ब्यक्तिगत तर्फवाट यहांहरु सवैलाई हार्दिक स्वागत तथा न्यानो अभिवादन टक्रयाउन चाहन्छु ।
सर्वप्रथम म राष्ट्रिय अखण्डता, संघीयता, राष्ट्रियहित, लोकतान्त्रिक गणतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका ऐतिहासिक जनअन्दोलन, सशस्त्र संघर्ष र मधेश अन्दोलनका क्रममा आफ्ना प्राणको आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात वीर शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु।

स्थानीय स्वायत शासन ऐन, २०५५ तथा नियमावली, २०५६ मा भएको ब्यवस्था अनुसार नगर परिषद पुस मसान्त भित्र गरि सक्नु पर्ने बाध्यात्मक प्रावधानको वावजुद देशमा उत्पन्न विषम परिस्थितिका कारण हामी दुइ महिना ढिलो गरी यो कार्य सम्पन्न गर्दैछौं । आ.व. ०७३/०७४ का लागि योजना तर्जुमा गर्दा बस्ती तथा वडा स्तरबाट प्रस्ताव भइ आएका योजनाहरु राष्ट्रिय नीति, क्षेत्रगत नीति, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी भएका निर्देशिका, कार्यविधि, मार्गदर्शन र निर्देशनहरुलाई आधार लिइ सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अङ्गिकार गरी योजना तथा कार्यक्रमहरुको छनौट गरिएको छ।
आदरणीय अतिथिज्यू तथा उपस्थित महानुभावहरु
जनतालाई देशको शासन ब्यवस्थामा अधिकाधिक मात्रामा सहभागि गराइ लोकतन्त्रको स्थानीय स्तर देखि नै संस्थागत विकास गर्ने, स्थानीय नेतृत्वको विकास मार्फत स्थानीय जनसमुदाय संग सम्बन्धित विषयमा स्थानीय स्तरमा नै निर्णय गर्ने क्षमताको विकास गर्ने तथा आफ्नो क्षेत्रको विकासकालागि आवश्यक साधनको ब्यवस्थापन गर्ने उदेश्य

सहित स्थानीय स्वायत शासन ऐन जारी भएको हो । यस ऐनले स्थानीय स्तरमा विकास निर्माण कार्य र सेवा प्रवाहलाई प्रभावकारी र जनउत्तरदायी बनाउन पाइला पाइलामा निर्वाचित जनप्रतिनिधिहरुको परिकल्पना गरेको छ तर विगत लामो समय देखिको राजनीतिक रिक्तताले गर्दा यो जिम्मेवारी कर्मचारीले निर्वाह गर्दै आएको कुरा सर्वविदितै छ । स्थानीय निकाय जनताको सबैभन्दा नजिकको सरकार भएकोले पनि यसबाट जनताहरुले बढी सेवा तथा सुविधा प्राप्त गर्न अपेक्षा राख्नु स्वभाविक हो । अझ वर्तमान समयमा विकासको अधिकारवादी अवधारणा ९चष्नजत दबकभम बउउचयबअज या मभखभयिऊभलत०, विकास प्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको अवधारणा तथा देशमा पटक पटक भएको राजनीतिक आन्दोलन र परिवर्तले गर्दा नागरिकको चेतना वृद्धि भइ अपेक्षाहरु आकासिएका छन् । तर यी अपेक्षा र आवश्यक्ताहरु पुरा गर्ने अभिभारा वहन गर्ने जिम्मेवारी पाएका कर्मचारीहरुको क्षमता जस्ताका त्यस्तै छ ।

आदरणीय महानुभावहरु

कर्तब्य पालनको वास्ता नै नगरी अधिकारको मात्र दाबी गर्ने बढ्दो संस्कार तथा भीड जम्मा गरी नियम कानुनको परवाह नगरीकन जस्तो सुकै काम गराउन खाज्ने प्रवृति ९अगतिगचभ या ञ्यदयअचबअथ० ले गर्दा नगरपालिकाको विकास प्रक्रिया र सेवा प्रवाहलाई झन बढी जोखिमयुक्त बनाएको छ। एकातिर संगठनको संरचना अनुसार कर्मचारीको दरबन्दी पूर्ति हुन सकेको छैन भने अर्को तिर मौजुदा कर्मचारीहरुको पनि भरपुर उपयोग हुन सकेको छैन। कर्मचारीहरुमा जनता प्रतिको उत्तरदायित्व र सामुहिक रुपमा काम गर्ने भावनाको कमी रहेको महसुस गरेको छु। सरसफाइ जस्तो संवेदनशील क्षेत्रमा कार्यरत कर्मचारीहरुले स्थानीय स्वायत शासन नियमावली विपरीत स्थाइ गर्नु पर्ने माग राखि काममा अवरोध गर्ने दिएको अल्टिमेटमले आन्तरिक ब्यस्थापन पनि निकै चुनौतिपूर्ण हुने देखिन्छ। नगर क्षेत्रको सरसफाइ, विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउन यस तर्फ विशेष ध्यान दिन आवश्यक देखेको छु।

नगर क्षेत्रको विकास प्रक्रिमा सबैभन्दा ठूलो तगारो भनेको आन्तरिक श्रोतको न्यून्ता हो। राजश्वको आधार ९दबकभ० र दर ९चबतभ० फराकिलो हुन नसक्दा संकलित राजश्वले कर्मचारी पाल्न नै धौंधौं भएको छ। यस अवस्थामा केन्द्रको मुख ताक्नु बाहेक अन्य कुनै विकल्प छैन्। तर केन्द्रले प्रदान गर्ने बजेटले मात्र नगर क्षेत्रको विकास सम्भव छैन् । त्यसकारण नगरपालिकाको चौतर्फी विकासकालागि आन्तरिक आय संकलन र परिचालनलाई प्रभावकारी बनाउन नगरक्षेत्र भित्र करको कराधार विस्तार गरी दरमा एकरुपता कायम गरिनेछ।

आदरणीय अतिथिज्युहरु

नगरक्षेत्रको विस्तारले हाम्रा साम् अवसर र चूनौती दुवै सिर्जना भएका छन । विस्तारित नगरक्षेत्र भित्र सलहेश फुलवारी, ब्रम्हान गोर्छारी, पकडियागढ, राजदेवी मन्दिर, गणेसनाथ दह जस्ता ऐतिहासिंक, सास्कृतिक र धार्मिक महत्वका धरोहरहरु समाहित भएका छन । उक्त स्थानहरुमा भौतिक पुर्वाधारको विकास र प्रचार प्रसार गर्न सकिएमा पर्यटन प्रवर्द्धनका माध्यमवाट नगरको विकासमा महत्वपुर्ण योगदान पुग्ने देखिन्छ । त्यसै गरि ठुलो मात्रामा कृषि योग्य भुमी, प्राकृतिक श्रोत साधनहरु नगरक्षेत्रमा समावेश भएको हुदा त्यसको योजनावद्ध परिचालन र व्यवस्थापन गर्न सकिएमा स्थानीय आर्थीक विकासले फड्को मार्ने सम्भावना छ ।

ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक, धार्मिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त सवल सम्भावना भएता पनि नगरको समग्र आर्थिक, सामाजिक विकास प्रकृयालाई अघि वढाउन हाम्रा सामु केहि चुनौतिहरु पनि छन् ॥ विस्तारित क्षेत्रका वासिन्दाहरुमा नगरको अनुभुती दिलाउनु, सिमित साधन श्रोतका माध्यमवाट विस्तारित नगरका आवश्यकताहरुलाई सम्वोधन गर्नु, विकासको क्रममा पछाडि परेका वर्ग र क्षेत्रलाई विकासको मुल प्रवाहमा समाहित गर्नु, उत्पादनशिल क्षेत्रमा साधन श्रोतको परिचालन गर्नु, निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण गर्नु, स्थानीयस्तरमा उद्यमशिलताको प्रवद्धन गर्नू र नगरमा सुशासनको प्रवर्द्धन गर्नु आदि मुख्य चुनौतीहरु विद्यमान छन । उल्लेखित चुनौतीहरुका वावजुद विकास प्रति सम्पुर्ण नगरवासीहरुको ऐक्यवद्धता र उत्साह तथा नगरमा कृयाशिल सवै राजनीतिक दलहरु बीचको सुझवुझपूर्ण समझदारीले हालको संक्रमणकालिन अवस्थाका वावजुद सीमित साधन श्रोतको महत्तम उपयोग गरि जनचाहना अनुरुप प्राथमिकताका क्षेत्रमा साधन विनियोजन गर्न सकिएको तथ्य स्मरण गर्दै आगामी दिनहरुमा समेत समझदारीको निरन्तरताले अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ भन्ने मैले विश्वास लिएको छु ।

आदरणीय उपस्थित महानुभावहरु

चालू आ.व. ०७२/०७३ को सुरु देखि नै भएको मधेश अन्दोलनले गर्दा पाँच महिना भन्दा बढी अवधीसम्म भएको मधेश बन्दको क्रममा सुरक्षासँग सम्बन्धित बाहेक सबै कार्यालयहरु बन्द रहको सर्वविदितै छ। यस अवधिमा नगरपालिका कार्यालयको गतिविधि पनि शुन्य नै रह्यो। पुरानो कार्यकारी अधिकृतको सरुवा भएको र नया कार्यकारी अधिकृतको पदस्थापन हुन नसक्दा बन्द पश्चात पनि सामाजिक सुरक्षा वितरण लगाएत विकास र्कायहरु ठप्प नै रहे। हाल आएर राजश्व संकलनमा तिव्रता आएको छ, सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ भने विकास कार्यहरु भर्खरै सुरु हुदैंछ। त्यसकारण चालु आ.व. मा उल्लेख गर्न सक्ने कुनै प्रगति देखिन्दैन। यसका साथै धेरै छोटो समयमा परिषदको तयारी गरिएपनि योजना तर्जुमा प्रक्रियाका निर्धारित चरणहरु विधिगत रुपमा पुरा गरेका छौं। टुक्रे योजनाहरुलाई निरुत्साहित गर्ने सोच भएता पनि वडा स्तरबाट माग भइ आएका योजनाहरुको प्रकृतिले गर्दा त्यो संभव हुने देखिएन। तर च्यानल बाहिरबाट आउने योजनाहरुलाइ प्रवेश निषेध गरेको छ। विधमान राजनीतिक संघर्षका बावजुद अगामी आ.व. संचालन हुने योजनाहरु एकिकृत योजना तर्जुमा समितिबाट सबै राजनीतिक दलको उपस्थितिमा सर्वसम्मतीबाट पारित भएका छन्।

आ.व. २०७१/७२ मा १.२५ किलोमिटर कालोपत्र सडक, २९ किलोमिटर  ग्राभेल सडक, १.०६ किलो मिटर कालोपत्रे सडक मर्मत सम्भार, फोहरमैला व्यवस्थापन केन्द्र सुधार, सडकको दायां वायां वृक्षरोपण, लगायत पोखरी जिर्णोद्धार गरिएको छ । यसै गरि प्रचलित ऐन नियममा व्यवस्था भए बमोजिम लक्षित समुदायका लागि वजेट विनियोजन भई कार्यावन्यन गरिएको छ।

आदरणीय अतिथिज्यहरु

अब म नगरमा अत्यावश्यक देखिएका केहि पूर्वाधारहरुको विषयमा यहाँहरुको ध्यानाकर्षण गराउन चाहन्छु।

विस्तारित नगरका विधमान सडकहरुबीच अन्तरसम्बन्ध९ष्लिपबनभ० कायम हुने गरी नगरको चौतर्फी विकासका लागि चक्रपथ निर्माण गर्न सम्बन्धित निकाय मार्फत पहल गरिनेछ।

खुटी नदीबाट भइरहेको कटान रोक्न उच्च जोखिमयुक्त स्थानहरुमा नगरपालिकाले आफ्नो साधनश्रोत प्रयोग गरी तत्काल नियन्त्रण गर्ने तथा यस नगरक्षेत्रमा उक्त खोलामा तटबन्ध निर्माण गर्न जलउत्पन्न प्रकोप नियन्त्रण विभाग र भूसंरक्षण कार्यालय मार्फत पहल गरिनेछ।

फोहर मैला व्यवस्थापन केन्द्र हाल आएर मगफउष्लन कष्तभ को रुप ग्रहण गर्दै गइरहेको प्रति नगरपालिकाको विशेष ध्यानाकर्षण भएको छ। यसमा सुधार गर्न फोहर ब्यवस्थापन कार्यलाई रणनीतिक महत्वका साथ अगाडि बढाइनेछ। फोहर ब्यवस्थापन केन्द्रको छेउमा रहेको बाह्रविगहा चटान भन्ने स्थानमा क्षेत्रिय स्तरको रंगशाला निर्माण गर्नसम्बन्धित निकाय मार्फत पहल गरिनेछ।

**आदरणीयं अतिथिज्युहरु**

अव म आर्थिक वर्ष ०७३।७४ को नगर विकास योजना तर्जूमा गर्दा लिइएका केही क्षेत्रगत नीति तथा नगर विकास योजना तर्जूमाका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु :

## क. पूर्वाधार तथा संरचना विकास

१. सहभागीतामुलक योजना तर्जुमाका माध्यमवाट वडा भेलाले छनौट भइ आएका योजनाहरुलाई श्रोतले भ्याए सम्म प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।

२. नगरस्तरीय योजना छनौट गर्दा नगरको मुख्य क्षेत्रलाई ऐतिहांसिक, धार्मिक र पुरातात्विक महत्वका स्थलहरुसंग जोडने र रणनैतिक महत्वका सडकहरुलाई प्राथमिकतामा राखिने छ ।

३.पुर्वाधार विकासमा स्थानीय समुदाय र निजी क्षेत्रको साझेदारीलाई प्रवर्द्धन गर्न जोड दिइनेछ ।

४. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंगको साझेदारीमा  सौर्य सडक बत्ती जडान गर्ने नीति लिईनेछ ।

५. जि.वि.स. र छिमेकी गा.वि.स. संग साझेदारी गरी पुर्वाधार विकास निर्माण गर्ने कार्य गर्ने नीति लिईनेछ ।

६. नगरका मुख्य भागमा र सम्भाव्य स्थानमा श्रोतमानै फोहोर छुट्याई फोहोर ब्यवस्थापन गर्न निजी क्षेत्रको समन्वय र साझेदारीमा विशेष कार्यक्रमहरु संचालन गरिने छ ।

७.रु. ५ लाख भन्दा माथीका आयोजनाहरु संचालन गर्दा आयोजना स्थलमा योजनासम्बन्धी जानकारी गराउन अनिवार्यरुपमा होर्डिंग बोर्ड राख्ने व्यवस्था मिलाइने छ ।

८.संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी भएको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ का आधारमा विद्यमान भैरहेको भवन निर्माण मापदण्डलाई स्थानीय परिवेश र आवश्यकतालाइ समेत मध्यनजर गरी आवश्यक संशोधन गरी  कडाईका साथ लागू गरिनेछ ।

९. नगरपालिकाको स्रोत साधनले सम्भव नहुने योजनाहरुलाई सम्बन्धित निकायमा योजना कार्यान्वयनका लागि सिफरिश गरी पठाईनेछ ।

१०. भवन निर्माणमा" एक घर दुई रुख" को नीति अवलम्वन गरिने छ । भवन निर्माण सम्पन्न प्रमाण पत्रका लागि आवेदन पेश गर्दा नवनिर्मित घर परिसरमा २ वटा वहुवर्षिय विरुवा लगाएको फोटो पेश गर्नु पर्ने व्यवस्था लागु गरिने छ ।

११. बढ्दो सार्वजनिक जग्गा तथा सडक अतिक्रमण नियन्त्रण गर्न सरोकारवालाहरुसंगको समन्वयमा आवश्यक पहल कद्मी अघी बढाईनेछ । सडक छेउमा वृक्षारोपण गर्ने नीति लिइनेछ।

**ख. जनसंख्या तथा सामाजिक विकास**

१. नगरलाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्न अभियानमुलक कार्यकमहरु संचालन गरिने छ ।

२.नगरमा खेलकुदको स्तर विकास गर्न नगर क्षेत्र भित्र एक सुविधा सम्पन्न रंगशाला निर्माण गर्न अत्यावश्यक देखिएको हुदा यसका लागि श्रोत जुटाउन आवश्यक पहल गरिने छ ।

३. सबै वडाहरुमा टोल विकास संस्था गठन गरी सरसफाई अभियान संचालन र वातावरण मैत्री टोल स्थापना गर्न वातावरण मैत्री स्थानीय शासनका सम्वन्धमा अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिने छ ।

४.  नागरिक सचेतना केन्द्रहरुमा आय आर्जनमा सहयोग पुर्‍याउने शिपमुलक तालिमहरु संचालन गरि उनीहरुको आर्थीक अवस्थामा सुधार ल्याउन जोड दिईनेछ ।

५. घरेलु हिंसा तथा लागु औषध दुर्व्यसन विरुद्ध जनचेतनामुलक कार्यक्रम संचालनमा जोड दिइने छ ।

६. वडा नागरिक मञ्चहरुको कृयाशिलता अभिवुद्धि गरि सामाजिक जागरण अभियानमा उनीहरुलाई परिचालन गरिनेछ ।

७. महिला, बालबालिका, आदिवासी/जनजाति, मधेशी, मुस्लिम, पिक्षडा वर्ग, दलित, भिन्न क्षमता भएका व्यक्ति, लैंगिक अल्प संख्यक, जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा शीप विकासका लागि सिपमुलक एवं चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

८. बालबालिकाहरुको नीति निर्माणमा सहभागीता अभिवृद्धि गर्न सवै वडाहरुमा वाल क्लव स्थापना गरि नगरस्तरिय वाल संजाल गठन गरिने छ ।

९. विपद् जोखिम न्युनिकरण र विपद् व्यवस्थापनलाई प्रभावकारी वनाउन सरोकारवालाहरुसंग सहकार्य गरी कार्यक्रम संचालन गरिने छ ।

११. वडा नं. १ मा सञ्चालित नगर स्वास्थ्य क्लिनिकको सञ्चालन तथा व्यवस्थापनलाई अझ प्रभावकारी तुल्याईनेछ

१२.शहरी वातावरण व्यवस्थापन समाज (युम्स) संगको साझेदारीमा स्वच्छ खानेपानीको आपुर्तिका लागि घारा जडान र   सरसफाई सेवा प्रवर्द्धन गर्न विगत आ.व.वाट भइरहेको साझेदारीलाई निरन्तरता दिइने छ ।

**ग. प्रशासन तथा सँगठन विकास**

१. पेश्की तथा बेरुजुलाई कडाईका साथ नियन्त्रण गर्दै पेश्की तथा बेरुजु फछ्र्यौटलाई प्राथमिकता दिईनेछ ।

२. पेश्की लगी समयमै फछ्र्यौट नगर्नेहरुलाई नियमानुसार कारबाही गर्दै सार्बजनिक गरिनेछ ।

३. करारमा कार्यरत कर्मचारीहरुलाई उनीहरुको कार्य सम्पादन स्तरको आधारमा मात्र म्याद थप गरिनेछ ।

४. कार्यालयका कर्मचारीहरुले पालन गर्नु पर्ने आचार संहिता निर्माण गरि लागु गरिने छ ।

५. नागरिक वडापत्रमा उल्लेख भएका सेवाहरु तोकिएको समयमा दिन नगरपालिका प्रतिवद्ध रहनेछ ।

६. नगरपालिका र वडा कार्यालयमा कार्यरत जनशक्तीको क्षमता विकास गर्न तालिम कार्यक्रमहरु संचालन गरिने छ ।

**ङ. राजस्व**

१.  एकिकृत सम्पत्ति कर लाई बढी सरल र प्रभावकारी बनाउने नीति लिईनेछ ।

२. कर प्रशासनलाई करदाता मैत्री वनाइने छ ।

३. न.पा. बाट प्रदान गरिने सेवा सुविधालाई राजस्व शाखासंग आवद्ध गरिने कार्यलाई अझ प्रभावकारी वनाइने छ ।

४. लहान उद्योग वाणिज्य संघसँग आवश्यक सहकार्य र समन्वय गरी व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायीलाई करको दायरामा ल्याउन पहल गरिनेछ।

५.आगामी आर्थिक वर्षवाट बार्षिक रु.एक लाखभन्दा बढी कर तिर्ने करदाताहरुलाई नगर परिषदका अवसरमा सम्मान गरिने छ।

६. करको दर भन्दा दायरा विस्तारमा जोड दिइने छ।

७.राजस्वको सम्भाव्यता अध्ययनका आधारमा आगामी आ.व.का लागि राजस्व प्रक्षेपण गर्ने नीति अवलम्वन गरिने छ।

आदरणीय अतिथिज्युहरु

अव म गत आ.व.को यथार्थ,चालु आ.व.को माघ महिना सम्मको यथार्थ र वांकी अवधि सहितका लागि संशोधित वजेट र आगामी आ.व.का लागि प्रस्तावित वजेट अनुमानको खाका प्रस्तुत गर्ने अनुमति चाहन्छु।

गत आर्थिक वर्ष २०७१/७२ मा आन्तरिक र वाह्य श्रोत गरि जम्मा **रु. १३ करोड ५६ लाख ६७ हजार १ सय ९१ पैसा ९१** आय भएको र व्यय तर्फ चालु खर्च **रु.६ करोड २२ लाख २१ हजार ३ सय ५१ पैसा २१** र पुजिंगत खर्च **रु. ६ करोड ४४ लाख** गरि कुल **रु. १२ करोड ६६ लाख २१ हजार ३ सय ५१ पैसा २१** खर्च भएको छ।

चालु आ.व. २०७२/०७३ मा आन्तरिक र वाह्य श्रोत गरि कुल **रु. १२ करोड ९२ लाख ४० हजार** आय प्रस्ताव गरिएकोमा २०७२ माघ मसान्त सम्म कुल **रु. २ करोड ७३ लाख ६७ हजार ६६ रुपैया पैसा ७५** आय प्राप्त हुन आएको छ। त्यसै गरि चालु आ.को व्यय तर्फ चालुमा **रु. ४ करोड ५८ लाख ९५ हजार** र पुंजिगत तर्फ **रु. ८ करोड ३३ लाख ४५ हजार** गरि कुल रु **१२ करोड ९२ लाख ४० हजार** खर्च प्रस्ताव गरिएकोमा २०७२ माघ मसान्त सम्म चालु तर्फ **रु. १ करोड ४२ लाख ४१ हजार ९ सय ६ रुपैया** र पुंजिगत तर्फ **रु. १ करोड ०४ लाख ९२ हजार ०४ सय २२ रुपैया पैसा ०२** गरि जम्मा रु **२ करोड ४७ लाख ३४ हजार ३ सय २८ रुपैया पैसा ०२** खर्च भएको छ भने चालु आ.व. २०७२।०७३ का लागि आन्तरिक श्रोत तर्फ गत आ.व.को अ.ल्या. र धरौटी जफत सहित **रु. ३ करोड ३८ लाख ३९ हजार ७ सय ४२ पैसा ७०** र वाह्य श्रोत तर्फ **रु. ११ करोड ५३ लाख** समेत गरि जम्मा **रु. १४ करोड ९१ लाख ३९ हजार ७ सय ४२ पैसा ७०** संशोधित आय प्रस्तुत गरिएको छ भने व्यय तर्फ चालुमा **रु. ७ करोड ६१ लाख ९० हजार** र पुंजिगत तर्फ **रु. ७ करोड २९ लाख ४९ हजार ७ सय ४२ पैसा ७०** समेत गरि कुल व्यय **रु. १४ करोड ९१ लाख ३९ हजार ७ सय ४२ रुपैया पैसा ७०** प्रस्तुत गरिएको छ।

यसै गरि आगामी आ.व. २०७३/०७४ का लागि आय तर्फ आन्तरिकमा **रु ३ करोड ३३ लाख ७८ हजार** . र वाह्य तर्फ **रु. १२ करोड २८ लाख** गरि कुल **रु. १५ करोड ६१ लाख ७८ हजार** प्रस्ताव गरिएको छ भने व्यय तर्फ चालु खर्चमा **रु. ६ करोड ८३ लाख २० हजार** र पुंजिगत तर्फ **रु. ८ करोड ७८ लाख ५८ हजार** गरि कुल **रु. १५ करोड ६१ लाख ७८ हजार** खर्च प्रस्ताव गरिएको छ। जसमा **पुंजिगत तर्फ ५६.२६ प्रतिशत र चालु तर्फ४३.७४** प्रतिशत हुन आउछ।

आदरणीय सम्पुर्ण महानुभावहरु

नीति बजेट तथा कार्यक्रम तर्जुमा गर्नु मात्र सबै समस्याको समाधान होइन्। यसको सफल कार्यान्यवनले मात्र हाम्रा उदेश्यहरु प्राप्त हुन सक्छन्। स्पष्ट कार्यान्वयन कार्यतालिका, चुस्त प्रशासनिक संयन्त्र, साधनको मितब्ययी परिचालन र भरपर्दो अनुगमन प्रणाली यसका आधारभूत आवश्यक्ता हुन्। यस बजेटको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाका साथै राजनीतिक दल, नागरिक समाज, गैर सरकारी संघ संस्था, बुद्धिजीवि, समाजसेवी, पत्रकार लगाएत अन्य सबै सरोकारवालाको दृढ संकल्प, सृजनात्मक सहयोग र रचनात्मक भूमिका आवश्यक छ र सो प्राप्त हुने कुरामा म आशावादी छु।

अन्तमा

हाम्रो आमन्त्रणलाई हार्दिकतापूर्वक स्वीकार गरी हामिलाई हौसला, मार्गनिर्देश एवं उर्जा प्रदान गर्न पाल्नु हुने आजका अतिथिज्यूहरु, योजना तर्जूमाको प्रारम्भिक चरण देखि वजेट सार्वजनिक गर्दा सम्मका हरेक कृयाकलापमा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न रही सहयोग पुर्‍याउनु हुने नगर स्थित राजनैतिक दलका प्रतिनिधिज्युहरु,वडा नागरिक मञ्चका सदस्यज्युहरु, नागरिक सचेतना केन्द्रका सदस्यज्युहरु, वडा सचिवहरु, सामाजिक परिचालकहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु लगायत सम्पुर्ण नगरवासीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु। त्यसै गरि नगर परिषद्को तयारीको प्रारम्भिक चरण देखि अहोरात्र खट्ने कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु। नगरले लिएको लक्ष्य हासिल गर्न स्वीकृत कार्यक्रम तथा वजेट समयमै संचालन तथा सम्पन्न गरी प्रतिफल प्राप्तिका लागि यहांहरु सहित सम्पूर्ण नगरवासीहरुको समान सहभागिता र सहयोग रहनेछ भन्ने पूर्ण विश्वास राख्दै वजेट सारांश प्रस्तुति सहित आफनो भनाईहरु यही अन्त गर्दछु।

धन्यवाद

मिति २०७२ फाल्गुन ३० गते, आइतवार

महमद शेरे मुस्तफा
कार्यकारी अधिकृत